STUDY IN ABROAD
AUSTRALIA I NEW ZEALAND
UK I USA I CANADA
IELTS I OET I PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES
Study Abroad & Test Preparation Center
Siddhartha Chowk, Pokhara, Nepal
061 578812, 573093 9856031631, 9856071671
info@beaconedu.com.np

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क १०७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ बैशाख १७ गते शुक्रबार ❑ 30 April 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रु. २।-

## पोखरामा पनि कोरोना संक्रमण दर बढ्दो

### सरकारी तवरबाट आवश्यक तयारी कमी भएको पोखरेलीको गुनासो

**पोखरापत्र संवाददाता**
**पोखरा, १६ बैशाख**

पोखरामा पनि दोश्रो लहरको कोरोना संक्रमण दर बढ्दै गएपनि सरकारी स्तरबाट आवश्यक पूर्व तयारीको कमी भएको पोखरेलीले गुनासो रहेको छ।

कोरोना संक्रमणको प्रभाव एक बर्ष भन्दा पहिले देखि देखा पर्दै आउने क्रममा हाल दोश्रो लहरको कोरोना संक्रमण बढ्दै जादा सरकारी स्तरबाट आवश्यक तयारी निकै कम पोखरेलीले गुनासो गरेका छन् । गण्डकी प्रदेशको राजधानि पोखरामा हाल साविक शिशुवामा रहेको सरुवा रोग अस्पताल (लेखनाथ सामुदायिक अस्पताल) र पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान(पश्चिमाञ्चल क्षेत्रीय अस्पताल) मा कोरोनाका बिरामीको उपचार भई रहेको छ यद्यपी आवश्यक तयारी नगर्दा कोरोनाका सिमित बिरामीहरुको लागि मात्र उपचार सरकारीमा भए पनि अन्ततः अन्य बिरामीहरु निजी अस्पतालमा चर्को मुल्य तिर्न बाध्य हुने भएका छन् ।

सरुवा रोग अस्पतालका प्रमुख डा. विकास गौचनले हाल आफुहरुको अस्पतालमा ५० जना कोरोनाका बिरामीहरुको उपचार भई रहेको बताए । उनका अनुसार हाल उनीहरु मध्य करिब ५० प्रतिशत जसो गम्भिर प्रकृतिका बिरामीहरुको उपचार समेत भएको छ। ५० वेडको क्षमता भएको सरुवा रोग अस्पतालमा हाल आवश्यक मात्रमा कर्मचारी नहुँदा सेवा प्रवाहमा स्वास्थ्यकर्मीलाई निकै कठिन भएको प्रमुख डा. गौचनले बताए।

आफुहरुले कर्मचारीको दरवन्दी माग गर्दै आएको उनले जनाए । पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा समेत कोरोनाका बिरामीको उपचार हुन थालेको छ । प्रतिष्ठानमा हाल ओपीडी सेवा सहित कोरोनाका बिरामीहरुको समेत उपचार हुन थालेको प्रतिष्ठानका निर्देशक डा. अर्जुन आचार्यले बताए । सरकारले ओपीडी सेवा बन्द गरेर ४० प्रतिशत कोरोनाका बिरामीको लागि सेवा दिन दिएको निर्देशन अनुसार हाल आफुहरुले थप ३ सय जना कर्मचारीको व्यबस्थापन गर्नको लागि ओपीडी सेवा संचालन गरेको उनले जनाए। निजी अस्पतालहरुको छाता संस्था अफिन गण्डकी प्रदेशका अध्यक्ष असोक पालिखेले हाल कोरोना डेडिकेट अस्पतालले कोरोनाका बिरामीको लागि उपचार भई रहेको बताए । कोरोनाको शंक्रमण दर बढ्ने आशंकामा गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्बीसुब्बा गुरुङ, डिआइजि, कास्कीका प्रमुख जिल्ला अधिकारी लगायतलाई कोरोनाको संक्रमण दर समयमै नियन्त्रण गर्न अनिवार्य मास्कको प्रयोग, प्रदेशको वोर्डर राम्दी र मुग्लीनमा चेकिङ गर्न आग्रह गर्दै आए पनि हाल त्यसलाई ख्याल नगर्दा कोरोना भयाभह हुने अबस्था आउन लागेको पालिखेले बताए । उनका अनुसार फागुपूर्णिमा पर्व पछि तराई र भारतीय मुलका नागरिकले विना मास्क पोखरा क्षेत्रमा छ्याप्प छ्याप्ती हिडडुल गर्नाले कोरोना संक्रमण बढेको हो ।

कोरोना खोप र पिसिआर परिक्षण बढाउनु पर्ने अध्यक्ष पालिखेको माग रहेको छ । उनले भने "हामीले धेरै पहिला नै कोरोना संक्रमण बढ्ला भनेर सर्तक रहन आग्रह गर्दै आयौं त्यसको सरकारी स्तरबाट कुनै वास्ता गरिएन त्यसको फल हाल कोरोना संक्रमण दैनिक एक सय भन्दा बढी देखा पर्न थालेको छ पोखरामा मात्र ।"

## दीपक मनाङ्गे युवा तथा खेलकुद मन्त्रीमा नियुक्त

**पोखरापत्र संवाददाता**
**पोखरा, १६ बैशाख**



गण्डकी प्रदेशमा मन्त्रीमण्डल विस्तार गरिएको छ । यस अघि ७ मन्त्रालय रहेकोमा बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले सामाजिक विकास मन्त्रालयलाई फुटाएर युवा तथा खेलकुद मन्त्रालय सम्हाल्ने गरी स्वतन्त्र सांसद राजीव गुरुङ (दीपक मनाङ्गे) गण्डकी प्रदेशको युवा तथा खेलकुद मन्त्रीमा नियुक्ति गरिएको प्रदेश सचिवालयले जनाएको छ।

विहीबार गण्डकी प्रदेश प्रमुख अमिक शेरचनले उनलाई सपथ ग्रहण समेत गराएका छन् । विहीबार बसेको मन्त्रिपरिषद् बैठकले सामाजिक विकास मन्त्री नरदेवी पुनले सम्हालेको मन्त्रालय फुटाउने निर्णय अनुसार गुरुङलाई युवा तथा खेलकुद मन्त्रालयको जिम्मेवारी सम्हाल्ने गरी प्रदेश सरकारले जिम्मा दिएको हो । मनाङबाट नेकपा एमालेको समर्थनमा चुनाव जितेका मनाङ्गेले मंगलबारको प्रदेशसभा बैठकमा स्वतन्त्र सांसदको सिट माग गरेका थिए। बुधबार मुख्यमन्त्री गुरुङविरुद्ध अविश्वासको प्रस्तावमा मतदान गर्ने कार्यसूची भए पनि उनी बैठकमा अनुपस्थित भएका थिए।

कोरोनाको जोखिम बढेका बेला आवश्यक स्वास्थ्य मापदण्ड पालना नगराई २५ जना भन्दा धेरै मानिसहरुको सहभागितामा सानो कोठामा भिडभाड हुने गरी सपथ गराइएको थियो । कार्यक्रममा गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङको समेत सहभागिता रहेको थियो । मुख्यमन्त्री गुरुङले आफूविरुद्ध अविश्वासको प्रस्ताव सदनमा पेश भएको अबस्थामै मन्त्रिमण्डल विस्तार गरेका हुन् । ६० सांसद रहेको प्रदेशसभामा एमालेका २७ जना सांसद छन् । उनलाई सरकार बचाउन तीन जना सांसदको आवश्यकता पर्नेछ । अन्य दलहरुलाई भने अविश्वासको प्रस्ताव पारित गर्न ३१ मतको आवश्यक पर्छ । कांग्रेसका १५, माओबादी केन्द्रका १२, जसपाका २ र राष्ट्रिय जनमोर्चाका ३ जना सांसद रहेका छन् । माओबादी केन्द्रका दुई मन्त्रीले राजिनामा दिएसंगै हाल भूमि वयबस्था तथा कृषि सहकारी मन्त्रालय र आन्तरिक मामिला तथा कानून मन्त्रालयमा मन्त्री नियुक्ति भएको छैन् ।

## तीन दलद्धारा सभामुख र सांसदहरुको सुरक्षा माग

**पोखरापत्र संवाददाता**
**पोखरा, १६ बैशाख**




गण्डकी प्रदेशका सभामुख तथा सांसदहरुको सुरक्षा दिन प्रदेशका संसदीय तीन दलले माग गरेका छन् ।

चरक अस्पतालको सिसिटिभी हार्डवयरको जाँच गरी सम्पूर्ण फुटेजहरु सार्वजनिक गर्नुपर्ने र प्रदेश सभा सदस्यहरुलाई धम्की र प्रलोभन दिने व्यक्ति र समूहलाई कानुनको कठघरामा ल्याई सभामुख र प्रदेश सभामा अविश्वास प्रस्तावका पक्षधर सांसदहरुको सुरक्षाको सुनिश्चितता गर्न तीन दलले माग गरेका छन् । गण्डकी प्रदेश सभामा प्रतिनिधित्व गर्ने नेपाली कागेंस, माओबादी केन्द्र र जनता समाजवादी पार्टीले संयुक्त रुपमा विहिबार एक प्रेस विज्ञेप्ति जारी गर्दै सभामुख र प्रदेश सभामा अविश्वास प्रस्तावका पक्षधर सांसदहरुको सुरक्षाको माग गरेका हुन् । सांसद शाहीको पिसिआर रिपोर्टहरुको छानबिन गरी प्रयोगशालाहरुको विश्वसनीयताको जाँच गर्न तीन दललले माग समेत गरेका हुन् ।

नेपाली कागेंस संसदीय दलका नेता कृष्णचन्द्र नेपाली, माओबादी केन्द्र संसदीय दलका नेता हरिबहादुर चुमान र जनता समाजबादी पार्टीका संसदीय दलका नेता हरिशरण आचार्यले संयुक्त रुपमा हस्ताक्षर गरिएको विज्ञेप्तिमा उल्लेख भए अनुसार सांसद शाही अस्वभाविक र रहस्यमय तरिकाले सदनमा अनुपस्थित हुनु तथा दलको सचेतकले निजलाई सार्वजनिक गर्नका साथसाथै जीवनरक्षाको समेत आग्रह गर्नुभएको शृंखलाबद्ध घटनाक्रमले आफुहरुलाई दुखित र आश्चर्यचकित बनाएको छ। सांसद शाहीको पिसिआर रिपोर्टहरुको छानबिन गरी प्रयोगशालाहरुको विश्वसनीयताको जाँच हुनु पर्ने, गण्डकी प्रदेश सभामा मुख्यमन्त्री माथि अविश्वासको प्रस्ताव पेस हुने भएपछि विधेयक अधिवेशन हठात् अन्त्य गर्नु, कोरोना परीक्षणको माग उठाएर सत्तापक्षले असंसदीय तरिकाले सदन अवरुद्ध गर्नु र प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्ने दिन शृंखलाबद्ध घटनाक्रमले सडेन्त्र भएको तीन दलले दाबी गरेका छन् ।

लाइफकेयर डाइग्नोस्टिक प्रयोगशालामा २०७८ वैशाख १४ गते साँझ ४ बजे स्वाब दिएको भनेर रिपोर्ट आएको छ भने जबकि त्यही समय सांसद खीमविक्रम शाही प्रदेश सभा परिसर नदीपुरमा स्वाब दिइरहनु भएको अबस्था भएको तीन दलले प्रश्न उठाएका छन् । एक व्यक्ति एउटै समयम दुई स्थानमा उपस्थित हुन कसरी सम्भव छ ? एक स्थानमा स्वाब दिइसकेपछि त्यही दिन अर्को स्थानमा स्वाब दिनुपर्ने कारण के पऱ्यो भनेर तीन दलले जारी गरेको विज्ञेप्तिमा उल्लेख छ । पृथ्वीसुब्बा गुरुङ नेतृत्वको गण्डकी प्रदेश सरकार अन्तर्गत रहेको प्रदेश जनस्वास्थ्य प्रयोगशालाले पिसिआर रिपोर्ट नेगेटिभ देखाउनु, तर करिब आधा घन्टाको फरकमा सार्वजनिक गरिएको रिपोर्टमा निजी ल्याबले पोजेटिभ देखाउनु अत्यन्त रहस्यमय र अस्वभाविक भएको तीन दलको दाबी छ । २०७८ वैशाख १५ गते दिनको २ बजे फोनमा सम्वाद गरिरहनु भएको सांसद सोही दिन मध्यान्ह १२ बजे पार्टी, संसदीय दल र प्रदेश सभा सचिवालयलाई समेत जानकारी नगराइ आइसियुमा भर्ना गरिएको भनिएको अस्वभाविक कथन र पार्टीका नेताले भेट्न खोज्दा पनि अस्पताल प्रशासनले भेट्न नदिनु, दुर्व्यवहार गर्नु खेदजनक भएको विज्ञेप्तिमा जनाइएको छ।

स्वास्थ्यजस्तो मर्यादित क्षेत्रमा पनि आपराधिक प्रवृत्ति मौलाएको सर्वत्र आशंका गरिएको र चरक मेमोरियल अस्पताल र त्यहाँका जिम्मेवार चिकित्सकको व्यवहार गैरजिम्मेवार एवं अविश्वसनीय रहेको कागेंस सम्सदीय दलका नेता नेपालीले जनाए। सांसद शाही भर्ना भएको भनिएको चरक अस्पताल परिसरमा ठूलो संख्यामा सादा पोसाकमा सुरक्षाकर्मी परिचालित गर्नुको कारण रहश्यमय रहेको, सरकारका जिम्मेवार व्यक्तिहरुले ,सभामुखप्रति गर्नुभएको दुर्व्यवहार र धम्कीपूर्ण अभिव्यक्ति निन्दनीय र भर्त्सना योग्य भएको तीन पार्टीले जनाएका छन् ।

सांसद शाही चरक अस्पतालमा पैदल प्रवेश गरेको सिसिटिभी फुटेजमा कैद दृश्यले मञ्चन गरिएको नाटकलाई पर्दाफास गर्ने भएका कारण त्यसको हार्डवयरमा समेत चलखेल गरिनुले यो योजनामा चरक अस्पताल समेत संलग्न रहेको दलहरुको आरोप छ । प्रदेश सभा सदस्यको गरिमामय पदमा रहेको व्यक्तिको स्थिति अज्ञात भएको र तिनको जीवन रक्षाको पहल गरिदिन सम्बन्धित पार्टीले अनुरोध गर्दा पनि तत्कालै सो अवस्थाको सार्वजनिकीकरण नगरी, बन्दी बनाइएको आशंका गरिएको अस्पताल प्रशासनले पार्टीका जिम्मेवार नेताहरुलाई भेट्न नदिँदा समेत जिल्ला प्रशासन मौन, मुकदर्शक र किंकर्तव्यविमुढ हुनुले ठूलो तहबाट गरिएको नियोजित षढ्यन्त्रको सम्भावनालाई इंगित गरेको दलहरुको दाबी छ । प्रदेश सभा सदस्यहरुलाई विभिन्न टेलिफोन नम्बरबाट फोन गरी प्रलोभन दिने, धम्की दिने र उपरोक्त घटना अविश्वासको प्रस्तावसँग सम्बन्धित देखिनुले योजनाको सञ्चालकबारे प्रष्ट संकेत गरेको गरेको काग्रेस, माओबादी केन्द्र र जसपाले आरोप लगाएका छन् ।

यसैबिच, राष्ट्रिय जनमोर्चाका प्रदेश सांसद खीमविक्रम शाहीले आफ्नो पार्टी प्रति प्रतिबद्ध रहेको प्रष्ट पारेका छन् । मुख्यमन्त्री विरुद्धको अविश्वास प्रस्ताव माथि मतदान गर्ने दिन बुधबार सदनमा अनुपस्थित भएका सांसद शाहीले अस्पतालको वेडबाटै प्रेस विज्ञेप्ति जारी गर्दै अहिले समाचार र सामाजिक सञ्जालमा प्रचार भएका विभिन्न भ्रामक खबरबाट आफ्नो धारणा बनाएर विचार प्रकट नगरी दिनु हुन आग्रह गरेका छन्। सांसद शाहीले जारी गरेको विज्ञेप्तिमा उल्लेख भए अनुसार 'पार्टीको निर्णय र संसदीय दलको बैठकमा गरिएको निर्णयमा मेरो पनि सहभागिता रहेका कारण ती निर्णयहरुप्रति मेरो पनि सहमति रहेकाले त्यस विषयमा पाटी निर्णय प्रति प्रतिबद्वता कायमै रहेको छ। "

अविश्वासको प्रस्तावमा प्रायः निर्णायक बनेका सांसद शाहीलाई एकाएक सम्पर्क विहिन गराइएसंगै जनमोर्चाकी संसदीय दलकी नेता पियारी थापाले सदनमा उनको खोजि गरी सार्वजनीक गर्न माग गर्दै निवेदन दिएकी थिइन । निवेदनको आधारमा प्रदेश सभामा संचालन भएको बिषेश अधिवेसनको तेश्रो बैठक अनिश्चित कालको लागि स्थगित भएको हो ।

## अत्यावश्यक सामग्रीको व्यवसाय मात्रै संचालन गर्न पोउवा संघको आग्रह

**पोखरापत्र संवाददाता**
**पोखरा, १६ बैशाख**

पोखरा उद्योग वाणिज्य संघले कोभिड-१९ को दोस्रो लहरको गाम्भीर्यता बुझ्न र आफै संयम हुन उद्योगी/व्यवसायीहरुसँग आग्रह गरेको छ।

संघले बिहीबार जारी गरेको विज्ञप्तिमा तोकिएको निर्धारित अवधिको लागि तोकिएका 'अत्यावश्यक' सामग्रीहरुको व्यवसाय मात्रै संचालन गर्न अनुरोध पनि गरेको छ। 'संकटको यो घडीमा स्वास्थ्य मन्त्रालयले सुझाएका सुरक्षा तथा सरकार एवं स्थानीय प्रशासनले जारी गरेका मापदण्ड कायम गराउनु व्यक्ति र समाजको लागि हितकर भएकोमा कुनै द्धिविधा छैन', संघका महासचिव सुरेन्द्रमान विजुक्छेद्धारा जारी विज्ञप्तिमा भनिएको छ, ' विषमतामा राज्यको आग्रह अवहेलना गर्दा राज्यबाट घोषित राहतका प्याकेजहरु दावी गर्ने नैतिकता पनि बाँकी रहँदैन । विषमतामा मैले व्यवसाय गर्न किन नपाउने भन्ने प्रश्न गौण बन्न पुग्छ भन्ने हामीले मनन गर्नैपर्छ ।' संघले व्यवसायीहरुले बिक्री/बितरण गर्ने सबै सामग्रीहरु सबै कुनै न कुनै बेलाका निम्ति अत्यावश्यक नै हुने भए पनि शुभ र अन्तिम संस्कारमा चाहिने 'बस्त्र'लाई एउटै खालको आवश्यकता मान्न सकिँदैन भन्नेमा प्रष्ट हुन पनि व्यवसायीहरुसँग आग्रह गरिएको छ। संघले आफू सुरक्षित बन्न तथा समाजलाई सुरक्षित राख्नको लागि उद्योगी/व्यवसायीहरुलाई पटक-पटक अनुरोध गरिएको स्मरण गर्दै विषमतामा पनि अत्यावश्यक सामग्रीहरुको आपूर्ति प्रणालीलाई सहज राख्नु र अभाव सिर्जना हुन नदिन पनि आग्रह गरेको छ । उद्योगी/व्यवसायीको छाता संस्था नेपाल उद्योग वाणिज्य महासंघले समेत यो समय नागरिकहरु आफै संवेदनशील र जिम्मेवार बन्न आग्रह गरेको उल्लेख गर्दै संघले राज्यको आग्रह अवहेलना गर्दा राज्यबाट घोषित राहतका प्याकेजहरु दावी गर्ने नैतिकता पनि बाँकी नरहने स्मरण गराएको छ।

## थप चार हजार ९२८ संक्रमण, ३५ जनाको मृत्य

**पोखरापत्र संवाददाता**
**पोखरा, १६ बैशाख**

देशभर पछिल्लो २४ घण्टामा थप चार हजार ९२८ जनामा कोभिड-१९ को सङ्क्रमण पुष्टि भएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार पछिल्लो समय १३ हजार ५६० जनाको स्वास्थ्य परीक्षण गर्दा सो सङ्ख्यामा सङ्क्रमण पुष्टि भएको हो । यसमा १२ हजार ५९७ जनाको पीसीआर

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

**सुक्तिसुधा**

क्षमा दिनु दुश्मनमाथि विजय प्राप्त गर्नु हो ।
- हजरत अली

## सम्पादकीय

# कोरोना नियन्त्रणमा स्वयंसेवक खटाउ

सरकारले जारी गरेका निर्देशन एवम स्वास्थ्य मापदण्ड तथा प्रमुख जिल्ला अधिकारीबाट जारी निषेध आदेशको पूर्ण रुपमा पालना गरी संक्रमण फैलन नदिन सवै पक्षलाई सहयोग गर्न मन्त्रालयले अनुरोध गरेको छ । दकोरोना नियन्त्रणका लागि भन्दै देशका विभिन्न स्थानमा निषेधाज्ञा जारी गर्ने क्रम जारी छ। बिहीबार साँझसम्म मुलुकका ७७ जिल्लामध्ये ११ जिल्ला पूर्णरुपमा बन्द छन् भने थप ४ जिल्लामा निषेधाज्ञा लगाउने निर्णय भएको छ।

गृह मन्त्रालयका अनुसार दाङ, पाल्पा र सुनसरी जिल्लामा निषेधाज्ञानको तयारी भएको हो । शुक्रबार बिहान ६ बजेदेखि दाङमा, शुक्रबार राती १२ बजेदेखि पाल्पा र सुनसरीमा पनि निषेधाज्ञा जारी हुने गृहमन्त्रालयका प्रवक्ताले जानकारी दिएका छन । पूर्णरुपमा निषेधाज्ञा लागेका जिल्लामा बाँके, सुर्खेत, काठमाडौं, ललितपुर, भक्तपुर, कास्की, कैलाली, पर्सा, कञ्चनपुर, चितवन र रुपन्देही रहेका छन् । यसैगरी, बागलुङ, कालिकोट र बर्दियामा आंशिक निषेधाज्ञा लागू भएको छ।

गृह मन्त्रालयका अनुसार अहिलेसम्म निषेधाज्ञा जारी भएका जिल्लामध्ये बाँकेमा २० गतेसम्म, सुर्खेत र कास्कीमा २१ गतेसम्म, काठमाडौं, भक्तपुर, ललितपुर, कैलाली, पर्सा र कञ्चनपुर २२ गतेसम्म जारी रहने छ। शुक्बार बिहान ६ बजेदेखि निषेधाज्ञा लाग्ने दाङमा २५ गतेसम्म, शुक्बार राती १२ बजेदेखि पाल्पामा लाग्ने निषेधाज्ञा २४ गतेसम्म जारी रहने छ। बैशाख ७ गतेदेखि आंशिक निषेधाज्ञा लगाइएको बागलुङ र बैशाख १० गतेबाट आंशिकरुपमा निषेधाज्ञा लगाइएको कालिकोटमा शुक्रबार म्याद सकिदैंछ । बर्दियामा पनि बैशाख १३ गतेबाट लगाइएको आंशिक निषेधाज्ञा १९ गते सकिँदैछ। यस्तै रुपन्देहीमा ३० गतेसम्म, चितवनमा ३१ गतेसम्म रहेको छाचेन ब्रेक गर्न निषेधाज्ञा लगाइएको भनिए पनि कडाइसाथ पालना नहुदा लम्बिने छ। वैशाख १३ को मन्त्रीपरिषद वैठकले काठमाडौं उपत्यका र तराईका जिल्लामा ५ सयभन्दा बढी तथा पहाडी र हिमाली जिल्लामा २ सयभन्दा बढी सक्रिय संक्रमितको संख्या भए प्रमुख जिल्ला अधिकारीले निषेधाज्ञा जारी गर्नसक्ने निर्णय गरेको थियो। यसैका आधारमा विभिन्न जिल्लाले निषेधाज्ञा जारी गर्दै आएका छन्।

गृह मन्त्रालयले एक प्रेस विज्ञप्ति जारी गर्दै निषेध आदेशको अवधिभरी अति आवश्यक नपरी घरबाट बाहिर ननिस्कन र यात्रा नगर्न सार्वजनिक अपिल गरेको छ। मन्त्रालयले कोभिड-१९ को दोस्रो लहरको संक्रमण तीव्र गतिमा फैलिरहेका कारण यस विषम परिस्थितिको सामना गर्न सबै सरोकारवालाको सहयोग एवम सहकार्य पनि जरुरी रहेको जनाएको छ ।सरकारले निर्णय गरेर मात्र पुग्दैन । राजनीतिक दलले स्वयंसेवक खटाउन सकेमा नियन्त्रणमा सघाउन सक्छागत वर्ष राजनीतिक दलको निश्कृयता यश पटक नहोस् भन्नेमा दलहरू सचेत छन।सबै दलका नेताले अपिल गरेका छन। अग्रसर भएका छैनन्। विरालोको घाटीमा कस्ले पहिले घण्टी झुण्ड्याउने भने जस्तै दलले स्वयंसेवक खटाउने र नेतृत्वले परिचालन गर्न सकेका छैनन् ।निर्णय कार्यान्वयन भए मात्र जनताले विश्वास गर्नेछन् । सरकारले जारी गरेका निर्देशन एवम स्वास्थ्य मापदण्ड तथा प्रमुख जिल्ला अधिकारीबाट जारी निषेध आदेशको पूर्ण रुपमा पालना गरी संक्रमण फैलन नदिन सवै पक्षलाई सहयोग गर्न मन्त्रालयले अनुरोध गरेको छ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : झमेला बढ्ने |
| वृष | : सम्मान मिल्नेछ | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : शत्रुको भय | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : मन चञ्चल | मकर | : ब्यापारमा लाभ |
| सिंह | : शारिरीक झमेला | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : मानसिक तनाब | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।


# दक्षिण कोरियामा प्रवासीको संख्या पाँच वर्षयताकै कम

**रासस**
**काठमाडौं, १६ बैशाख**

दक्षिण कोरियामा विदेशी जनसङ्ख्या पाँच वर्षयताकै सबैभन्दा कम भएको छ । मङ्गलबार प्रकाशित एक सरकारी तथ्याङ्कअनुसार पछिल्लो पाँच वर्षयता पहिलो पटक प्रवासी नागरिकको सङ्ख्या २० लाखभन्दा तल झरेको हो। कोरोना महामारी र विभिन्न देशमा भएका लकडाउनका कारण प्रवासीको सङ्ख्या कम भएको तथ्याङ्कमा उल्लेख गरिएको छ।

गत मार्चको गणनाअनुसार कोरियामा प्रवासीको सङ्ख्या १९ लाख ९९ हजार रहेको छ । गत वर्ष कोरियामा प्रवासीको कुल सङ्ख्या २२ लाख थियो । उक्त सङ्ख्यालाई आधार मानेर हेर्दा यो वर्ष ९.२ प्रतिशतले कम हो । हालको सङ्ख्या सन् २०१५ यताकै सबैभन्दा कम हो । सन् २०१५ मा प्रवासीको सङ्ख्या १८ लाख थियो । त्यसैगरी सन् २०१९ को डिसेम्बरमा प्रवासीको सङ्ख्या सबैभन्दा धेरै २५ लाख दुई हजार रहेको तथ्याङ्कले देखाएको छ।

हाल रहेका प्रवासीमध्ये सबैभन्दा धेरै चिनियाँ नागरिक ४३.४ प्रतिशत छ भने दोस्रोमा भियतनामीको सङ्ख्या १०.६ प्रतिशत छ । त्यसैगरी थाइल्याण्ड र अमेरिकी नागरिक क्रमशः ८.९ र ७.३ प्रतिशत छ।

कोरोना माहामारीका कारण कोरियामा रोजगारी कठिनाइ पनि थपिएको छ। नेपाललगायत विभिन्न देशबाट कोरिया आउन चाहनेहरू पनि आउन सकेका छैनन्। उसो त यो सङ्ख्या घट्नुमा कोरोना माहामारी अघि छोटो बिदामा स्वदेश फर्केका प्रवासी श्रमिक, विद्यार्थी, व्यवसायीलगायत पनि स्वदेशमै अड्किनुलाई पनि लिन सकिने बताइन्छ।

# बेनी अस्पतालले शुरु गर्‍यो 'हेलो डक्टर' सेवा

**पोखरापत्र संवाददाता**
**म्याग्दी, १६ बैशाख**

बेनी अस्पतालले स्वास्थ्य मन्त्रालयको निर्णय र निर्देशनअनुसार बुधबारदेखि बहिरंग सेवा बन्द भएपछि 'हेलो डक्टर' सेवा शुरु गरेको छ । तीव्ररूपमा फैलिएको दोस्रो लहरको कोरोना भाइरस नियन्त्रण गर्न र थप बढ्न नदिनका लागि अस्पतालले सिकिस्तबाहेकका बिरामीलाई अस्पताल नआउन अनुरोध गर्दै मोबाइलबाटै चिकित्सकले परामर्श दिने सेवा शुरु गरेको हो।

अस्पतालका नौ चिकित्सक, आकस्मिक, भर्ना कक्ष र व्यवस्थापन समितिका अध्यक्षको मोबाइलमा सम्पर्क गरेर बिरामी अथवा आफन्तले फोन गरेर चिकित्सकबाट परामर्श लिन पाउने व्यवस्था मिलाएको अस्पतालले जनाएको छ । अस्पतालले नियमित औषधि सेवा गर्ने बीमा गरेका सेवाग्राहीका लागि समेत अस्पतालको सेवा लिनका लागि समय तालिका बनाएर सार्वजनिक गरेको छ। बेनपाका वडा नं ७ र १ का बासिन्दाका लागि आइतबार, बेनपा-२, मालिका र मङ्गला गाउँपालिकालाई सोमबार, जलजला गाउँपालिका, बेनपा-४ र १० लाई मङ्गलबार, बेनपा-८ र ९ लाई बुधबार, बेनपा-४, ६ र धवलागिरि गाउँपालिकालाई बिहीबार तथा रगुगङ्गा, अन्नपूर्ण गाउँपालिका र बेनपा-५ लाई शुक्रबारको समय तालिका बनाइएको छ । अस्पतालमा भीडभाडका कारण कोरोना सङ्क्रमण फैलने जोखिम बढेकाले आकस्मिक र प्रसूतिबाहेकका सेवा बन्द गरेको छ। केही दिनयता म्याग्दीमा लक्षणसहितका कोरोना सङ्क्रमितको सङ्ख्या बढ्दो छ । बुधबार म्याग्दीका १० जनामा कोरोना सङ्क्रमण पुष्टि भएको प्रदेश स्वास्थ्य निर्देशनालयले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

# बेनीमा आइसोलेशन निर्माण शुरु

**पोखरापत्र संवाददाता**
**म्याग्दी, १६ बैशाख**

दोस्रो लहरको कोरोना सङ्क्रमण दर तीव्ररूपमा फैलिन थालेपछि बेनीमा आइसोलेशन वार्ड निर्माण शुरु गरिएको छ । कोरोना सङ्क्रमितको उपचारका लागि सदरमुकाममा स्थान अभाव भएपछि बेनी नगरपालिकाको अगुवाइमा आइसोलेशन निर्माण शुरु गरिएको हो । गत वर्ष नगरपालिका र जिल्लाका अन्य स्थानीय तहले खुलामञ्च स्थित शैक्षिक तालिम केन्द्रको भवनमा स्थापना गरेको २० शय्या क्षमताको आइसोलेशन गत फागुनमा हटाइएको थियो।

पहिलेको ठाउँको आइसोलेशन हटाएपछि पछिल्लोपटक पहिचान भएका कोरोनाका सङ्क्रमित घरमै छन् । घरमा छुट्टै कोठा नभएका र आइसीयूमा राख्न नपर्ने सङ्क्रमितको उपचारमा समस्या भएपछि बेनी अस्पताल परिसरमा निर्माणाधीन भवनलाई व्यवस्थित गरेर आइसोलेशन बनाउन लागिएको हो । प्रमुख जिल्ला अधिकारी गणेशबहादुर अधिकारीले अस्पतालको निर्माणाधीन भवनको पहिलो तलामा सरसफाइ, रङ्गरोगन, विद्युत्, पानी जडान गरेर आइसोलेशन बनाउन लागिएको बताउनुभयो । नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत छविलाल सुवेदीले आइसोलेशनमा बस्ने सङ्क्रमितले प्रयोग गर्ने शौचालय नगरपालिकाले बनाउने जानकारी दिनुभयो । खानेपानी, जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालयसँग समन्वय गरेर छुट्टै शौचालय र खानेपानी व्यवस्थापन गर्न लागिएको उहाँले बताउनुभयो। शैक्षिक तालिम केन्द्रमा गत वर्ष रु ३७ लाख ५० हजारको लागतमा आइसोलेशन बनाइएको थियो। आधा खर्च नगरपालिकाले व्यहोरेको थियो । बाँकी खर्च अन्य पाँच स्थानीय तहलाई भाग लगाएर तिर्न लगाइएको थियो । सो आइसोलेशन वार्डमा सङ्क्रमितको उपचारका लागि आवश्यक उपकरणसमेत जडान भएको थियो । आइसोलेशन हटाएपछि ती सामग्री अहिले एउटा कोठामा थन्क्याएर राखिएका छन्। त्यही सामग्री र उपकरण प्रयोग गरेर नयाँ ठाउँमा आइसोलेशन बनाउन लागिएको हो । शैक्षिक तालिम केन्द्रको आइसोलेशन हटाइएको बिषयमा कोभिड-१९ जिल्ला सङ्कट व्यवस्थापन केन्द्रको बैठकमा स्थानीय तहका प्रतिनिधिले असन्तुष्टि जनाएका थिए। छलफल र कुनै निर्णय बिनै आइसोलेशन हटाउँदा अहिले सङ्क्रमितको उपचारमा समस्या भएको हो।

# लय लिन थालेको पर्यटन व्यवसाय पुनः सुस्तायो

**– जनक श्रेष्ठ**
**लमजुङ, १६ बैशाख**

कोरोना कहरको पहिलो लहर सकिएपछि लय लिन थालेको पर्यटन व्यवसाय पुनः सुस्ताएको छ। कोरोनाले थला पारेको पर्यटन व्यवसाय राम्रोसँग लय लिन नपाउँदै सङ्क्रमणको दोस्रो लहर शुरु हुन थालेपछि लमजुङमा पर्यटन व्यवसाय पुनः सुस्ताएको हो।

जिल्लामा रहेको क्व्होलासोथर गाउँपालिका-३ स्थित घलेगाउँ, बैंसीशहर नगरपालिका-३ काउलेपानी, राइनास नगरपालिका-९ राइनासकोट, मर्स्याङ्दी गाउँपालिका-३ सिउरुङलगायत घरबास (होमस्टे) तथा पर्यटकीयस्थलमा कोरोना सङ्क्रमणको जोखिमले पर्यटकको आगमन ठप्प भएको छ । यसअघि समेत कोरोनाले प्रभावित बनेका सो क्षेत्रमा तीन/चार महिनाअघिदेखि मात्र पर्यटक आगमन भएर विस्तारै लयमा फर्किंदै गरेको पर्यटन व्यवसाय केही दिनदेखि आन्तरिक पर्यटक पनि आउन छाडेपछि पर्यटन व्यवसायीहरू निराश भएका छन्। घलेगाउँमा विसं २०७६ चैत ११ गतेदेखि भदौको तेस्रो हप्तासम्म ठप्प रहेको घरबासले त्यसयता पर्यटकको आगमनमा तीव्रता भइरहेको थियो। केही दिनअघिसम्म दैनिक ५०० जनाको हाराहारीमा आन्तरिक पर्यटकको चाप भइरहेका बेला फेरि कोरोना जोखिम बढेसँगै पर्यटक आगमन ठप्प हुँदा घरबास सञ्चालक तथा पर्यटन व्यवसायी निराश बनेको ग्रामीण घलेगाउँ पर्यटन व्यवस्थापन समितिका सचिव उमल विकले बताउनुभयो। उहाँले भन्नुभयो, "हामीले सोचेका थियौं यतिका समय पर्यटन व्यवसाय थला पर्‍यो, अब त विगतकै लयमा निरन्तरता हुन्छ भनेको तर कोभिडकै कारण त्यसो भएन ।" घलेगाउँका घरबास सञ्चालहरूको मुख्य आम्दानीकै स्रोत पर्यटन रहेकाले पर्यटक आगमन ठप्प हुँदा परिवारको गुजारा चलाउन समस्या पर्ने घलेगाउँ घरबास सञ्चालक तथा पर्यटन व्यवसायी दीर्घराज घलेले बताउनुभयो । पर्यटक चहलपहल हुँदा यहाँका प्रत्येक घरबास सञ्चालकले मासिक कम्तीमा पनि रु ५०/६० हजार आम्दानी गर्ने गरेका थिए र सोही रकमबाट परिवारको गुजारा चलाउँदै आएका छन् । कोरोनाका कारण पर्यटक नै नआएपछि आम्दानी गर्ने बाटो बन्द हुँदा पर्यटन व्यवसायीलाई विभिन्न समस्या हुने बताइएको छ । विसं २०५७ बाट सञ्चालनमा आएको यस घरबासमा यतिबेला ३७ घरमा घरबास छन्। घरबासमा पुगेका पर्यटकका लागि सत्कारसँगसँगै आफ्ना कला, संस्कृति जोगाइराख्न जुटेका गुरुङसेनीहरूको जातिया पहिचानसहित कृष्ण चरित्र, लामा, सोरठी, घ्याब्रे, पच्चु, झ्याउरे, चुट्का, झाँक्री, सेर्गालगायत लोपोन्मुख सांस्कृति नृत्यसमेत प्रस्तुत हुने गरेको थियो। विसं २०६२/६३ को जनआन्दोलनपछि देशमा गणतन्त्र स्थापना भएसँगै गठन भएको संयुक्त सरकारको परराष्ट्रमन्त्रीस्तरीय सार्क बैठकले नेपाल सरकारको पहलमा घलेगाउँलाई सार्क राष्ट्रकै नमूना ग्रामीण पर्यटन गाउँका रूपमा घोषणा गरेको थियो । घलेगाउँ समुद्री सतहदेखि दुई हजार १०० मिटर उचाइमा रहेको प्राकृतिक छटाले भरिपूर्ण नेपाल आदिवासी जनजातिमध्ये गुरुङहरूको उद्गमथलो तथा घलेराजाले अन्तिम राज्य सञ्चालन गरेको गाउँमेत हो। घलेगाउँबाट ६९८६ मिटर उचाइको लमजुङ हिमाल, ७९३५ मिटर उचाइको अन्नपूर्ण हिमाल (दोस्रो), अन्नपूर्ण हिमाल (चौथो), ६९६३ मिटर उचाइको माछापुच्छ्रे हिमाल, ८१६३ मिटर उचाइको मनास्लु हिमाल, ७८९३ मिटर उचाइको हिमालचुली, ७८३५ मिटरमा रहेको डादीचुली (डा हर्क हिमाल) र ६६७२ मिटर उचाइको बुद्ध हिमाल घलेगाउँबाट देख्न सकिन्छ।

त्यस्तै समुद्री सतहदेखि एक हजार ६०० मिटर उचाइमा रहेको काउलेपानी घरबासमा समेत कोरोना सङ्क्रमणको दोस्रो लहर चल्न थालेपछि केही दिनअघिबाट पर्यटक आउन छाडेका छन्। दैनिक सय डेढ जनासम्म पर्यटक आउने गरेकामा यतिबेला एक दुई जना पर्यटक पनि घरबासमा नआएको काउलेपानी पर्यटन विकास समितिका अध्यक्ष देवबहादुर गुरुङले बताउनुभयो । काउलेपानी घरबास सुरक्षा मापदण्ड अपनाउँदै पर्यटकलाई गाउँमा स्वागत गरिरहेका थियौं तर, पुनः कोरोना सङ्क्रमणको जोखिम बढ्न थालेसँगै घरबास सुनसान भएको उहाँको भनाइ छ।

सन् २०११ बाट सञ्चालनमा आएको यस घरबासमा १५ घरमा घरबासको व्यवस्था गरिएको छ । यहाँ नेवार, गुरुङ र भुजेल समुदायको घरबास रहेको छ भने यी सबै घरबासमा गरी ८८ वटा पर्यटक एकै रातमा सुत्न सकिने बताइएको छ । यी घरबासबाहेक जिल्लाका अन्य घरबास तथा पर्यटकीयस्थल सुनसान बनेका छन्।

# म्याग्दीका प्राकृतिक चिकित्सालय र योग केन्द्र बन्द

**पोखरापत्र संवाददाता**
**गलेश्वर, १६ बैशाख**

विश्वव्यापी महामारीका रूपमा फैलिएको कोरोनाको त्रासका कारण प्राकृतिक चिकित्सालयको नामले चिनिएका म्याग्दीका तातोपानी कुण्ड र योग केन्द्रहरु अनिश्चितकालका लागि बन्द गरिएको छ।

जिल्लाको बेनी नगरपालिका-४ मा अवस्थित सिंगा तातोपानी कुण्ड बुधबारदेखि बन्द गरिएको कुण्ड व्यवस्थापन समितिका अध्यक्ष वीरेन्द्रमान शाक्यले बताउनुभयो।

म्याग्दीका प्रमुख जिल्ला अधिकारी गणेशबहादुर अधिकारीको अध्यक्षतामा बुधबार जिल्ला प्रशासन कार्यालयमा बसेको जिल्ला सुरक्षा समितिको बैठकले जिल्लाका सबै तातोपानी कुण्ड बन्द गराउने निर्णय गरेको थियो । सिंगा तातोपानीसँगै उत्तरी म्याग्दीको भूरुङतातोपानी, मुदी बगरको तातोपानी, हिस्तान लगायतका ठाउँमा रहेका तातोपानीका कुण्डहरु पनि बन्द भएका छन्।

साथै प्रशासनले गलेश्वर, महारानीथानको नित्यपूजा बाहेकका अन्य गतिविधि नगर्न, विवाहमा बाजा नबजाउन, २५ जना भन्दाबढी भेला नहुन, जिमखाना, कबर्डहल र योग केन्द्रहरु पनि बन्द गराउन आदेश जारी गरेको छ । यसअघि मङ्गलवार बसेको कोभिड-१९ जिल्ला सङ्कट व्यवस्थापन केन्द्रको आकस्मिक बैठकले वैशाख १५ देखि २८ गतेसम्म भौतिक उपस्थितिमा पठनपाठन नगराउने गरी शैक्षिक संस्था बन्द गर्ने निर्णय गरेको थियो। सदरमुकाम बेनीबजार पछिल्लो समय कोरोनाको 'हटस्पट' बन्दै जान थालेको छ। बुधबारमात्रै यहाँ पिसिआर विधिबाट गरिएको परीक्षणमा १३ र एन्टिजेन विधिबाट गरिएको परीक्षणमा ११ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ। सदरमुकामबाहेक ग्रामीण क्षेत्रहरुमा समेत सङ्क्रमित भेटिन थालेपछि चिन्ता बढेको स्वास्थ्यकर्मीहरुले बताएका छन्। स्वास्थ्य कार्यालयका अनुसार जिल्लामा हालसम्म ४६ जना सक्रिय कोरोना सङ्क्रमित देखिएका छन् । देशका विभिन्न ठाउँबाट प्राकृतिक तातोपानीमा स्नान गरी उपचार गराउन मानिसहरु आउने भएकाले कोरोना भाइरस सङ्क्रमित व्यक्तिको आगमन हुँदा यसले ठूलो समस्या निम्त्याउन सक्ने भएकाले पूर्व सतर्कता अपनाएर अर्को सूचना जारी नभएसम्मका लागि बन्द गर्ने निर्णय गरेको अध्यक्ष शाक्यले जानकारी दिनुभयो । कोरोनाको जोखिम न्यूनीकरण भएर सामान्य भएपछि अर्को सूचना जारी गरेर मात्रै कुण्डलाई पुनः सञ्चालन गराउने व्यवस्थापन समितिले जनाएको छ। कुण्डमा अहिले ५०० भन्दा बढी बिरामीले कुण्डमा स्नान गर्ने र डुबेर उपचार गराउँदै आएका छन् । जमिन भित्रबाट निस्कने ४५ देखि ५७ डिग्री सेल्सियस तापक्रम भएको गन्धक र बिरेनुनको गन्ध आउने यहाँको प्राकृतिक तातोपानीको कुण्डमा शरीरको बाहिरी भाग डुबाएर उपचार गरेमा ग्याष्ट्रिक, नसा, बाथरोग, ढाड दुख्ने, छालासम्बन्धी रोग, सुन्निएको, बज्रिएको, मर्किएको, पेट सुनिने, गलगाँड, एसाइतिसलगायतका रोगहरु निको हुने मान्यता छ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. १४ शुभ मार्ग पोखरी मुनीको बाटोमा खानेपानी पाइप विस्तार निर्माण गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**

**योजनाको नामः शुभ मार्ग पोखरी मुनीको बाटोमा खानेपानी पाइप विस्तार**
**स्थानः पोमनपा वडा नं. १४, पोखरी मार्ग**
**योजना सम्झौता मिति : २०७७/११/२३ गते**
**योजना सम्पन्न मिति : २०७७/१२/२६ गते**
**योजनाको कुल लागत : रु. ३,५१,६१७.२८/-**
**महानगरपालिकाबाट प्राप्त रकम : रु. १,७५,८०७/-**
**जन सहभागितावाट : रु. १,७५,८१०/-**
**उपभोक्ता समितिः**
धन बहादुर थापा-अध्यक्ष
लक्ष्मी पौडेल- सचिव
कमला विश्वकर्मा- कोषाध्यक्ष

**पोखरी मार्ग उपभोक्ता समिति**
**पोखरा -१४, पोखरी मार्ग**

# ७२ प्रतिशत निजी आवास पुनर्निर्माण

–खेमराज गौतम
गलकोट, १६ बैशाख

नेपालमा विनाशकारी भूकम्प गएको छ वर्ष पूरा भएको छ । यो अवधिमा बागलुङमा निजी आवास पुनर्निर्माणमा ७२ प्रतिशत प्रगति भएको छ । विसं २०७२ वैशाख १२ गते गएको विनाशकारी भूकम्प र वैशाख २९ गते गएको दोस्रो ठूलो पराकम्पनबाट भत्किएका २८ प्रतिशत घरहरूको अझै पुनर्निर्माण भइसकेको छैन ।

जिल्लामा भूकम्पबाट क्षति भएका दुई हजार ५५६ लाभग्राहीमध्ये हालसम्म एक हजार ७१२ जनाले मात्र आवास पुनर्निर्माणको काम सम्पन्न गरेको छ । भूकम्पबाट क्षति भएका निजी आवास पुनर्निर्माणका लागि जिल्लामा दुई हजार ४५२ जनाले निर्माण सम्झौता गरेका थिए । हालसम्म एक हजार ७१२ लाभग्राहीले आवास पुनर्निर्माणको काम सम्पन्न गरेर अन्तिम किस्ताबापतको रकम लिइसकेको राष्ट्रिय पुनर्निर्माण प्राधिकरण जिल्ला कार्यान्वयन इकाई बागलुङले जनाएको छ ।

भूकम्पबाट क्षति भएका निजी आवास पुनर्निर्माणका लागि सम्झौता गरेका कूल दुई हजार ४ सय ५२ लाभग्राहीमध्ये सबैले प्रथम किस्ताबापतको रु. ५० हजार रकम लगेको राष्ट्रिय पुनर्निर्माण प्राधिकरण जिल्ला आयोजना कार्यान्वयन इकाई बागलुङका प्रमुख रेणुका पाण्डेले जानकारी दिनुभयो । त्यस्तै दुई हजार १० लाभग्राहीले दोस्रो किस्ता लगेको उहाँले जानकारी दिनुभयो । "समग्र जिल्लाको पुनर्निर्माण हेर्दा पछिल्लो समय गति लिएको छ, एकीकृत वस्ती निर्माण, सडक, पुल तथा विद्यालय धमाधम निर्माण भएका छन्" उहाँले भन्नुभयो "निजी आवास पुनर्निर्माणले समेत पछिल्लो समयमा गति लिएको छ । अबको केही समयमै पुनर्निर्माणको काम अन्तिम चरणमा पु¥याइनेछ ।"

बागलुङ जिल्लाको काठेखोला गाउँपालिका–५ बिहुँ काउलेका १० दलित परिवारका लागि एकीकृत बस्ती निर्माण गर्ने कार्य सकिएको र उनीहरूको बस्तीमा पूर्वाधार निर्माणको काम अगाडि बढेको पुनर्निर्माण प्राधिकरण बागलुङका इञ्जिनियर विक्रम सापकोटाले जानकारी दिनुभयो । पछिल्लो पटक नेपाल सरकारले निजी आवास पुनर्निर्माणमा लाभग्राहीले निर्माण गरेका घरलाई समेत रकम दिने निर्णय गरेपछि पुनर्निर्माणको प्रगति बढेको हो । भूकम्पले चर्काएको घर प्रबलीकरण गरेर नयाँजस्तै घर निर्माण गर्ने सूचिमा परेका बागलुङका १७१ लाभग्राहीमध्ये दुई जनाले मात्रै घर प्रबलीकरण गरेका छन् । राष्ट्रिय पुनर्निर्माण प्राधिकरण जिल्ला कार्यान्वयन एकाई बागलुङका अनुसार १७१ लाभग्राहीमध्ये पुनर्निर्माण परिवर्तन गरेका ५० लाभग्राही बाहेक कूल ८१ जनाले सम्झौता गरी प्रथम किस्ता लिएका छन् । तीमध्ये दुई जनाले मात्रै अन्तिम किस्ता लिएका छन् भने ७९ घरले प्रथम किस्ता लगेर प्रवलकीरणमा चासो नदेखाएको प्रमुख पाण्डेको भनाइ छ ।

अलि महँगो र प्राविधिक रूपमा झञ्झट भएकाले प्रबलीकरणमा चासो नदेखाएको लाभग्राही बताउँछन् । प्रबलीकरण गर्न आवश्यक रहेको घर भत्काएर पुनर्निर्माणगर्नखोजेमापुनर्निर्माणतर्फ रु. तीन लाख अनुदान दिइने व्यवस्था भएपछि ५० जनाले सोही अनुसार काम गरेको र अन्यले प्रबलीकरणमा चासो नदिएका हुन् । प्रबलीकरणमा परेका लाभग्राहीले पाउने अनुदानले घरलाई बलियो बनाउन नपुग्ने भएका कारण पनि यसतर्फ लाभग्राही आकर्षित हुन नसकेको अनुमान एकाइको छ । घर पुनर्निर्माण गर्नका लागि तीन किस्तामा तीन लाख र प्रबलीकरण गर्न दुई किस्तामा एक लाख अनुदान रकम दिइँदै आएको छ । पुनर्निर्माण प्राधिकरणले निजी आवाससँगै एकीकृत बस्ती निर्माण, सडक मोटरेबल पुल तथा बौद्ध गुम्बा निर्माण गरिरहेको छ । प्राधिकरणले रु १७ करोडको लागतमा बुर्तिवाङ–तमानखोला सडकको १० किलोमिटर सडक ग्राभेल सम्पन्न गरिसकेको छ भने सोही सडकमा दुई वटा पक्की पुल धमाधम निर्माण गरिरहेको छ । लुकुरबन र भालुबाङ खोलामा दुई मोटरेबल पुलको ढलान कार्य भइरहेको प्राधिकरण जिल्ला कार्यान्वयन एकाई कार्यालय बागलुङले जनाएको छ । यस्तै, बागलुङ नगरपालिका–११ स्थित रायडाँडामा बौद्ध गुम्बा निर्माण गर्न समेत पुनर्निर्माण प्राधिकरणले काम अगाडि बढाएको छ ।

# नौमती बाजाको संरक्षणमा मगर समुदाय

–तारानाथ आचार्य
बलेवा, १६ बैशाख

जैमिनी नगरपालिका–२ दमेक भातडाँडाका सूर्यबहादुर पुनलाई वैशाख लागेपछि बाजा बजाउन भ्याइनभ्याइ भएको छ ।

विवाह, व्रतबन्ध, चौरासी पूजाजस्ता धार्मिक, सांस्कृतिक तथा सामाजिक कार्यमा बाजा बजाउन पुनको समूह दक्षिण बागलुङका प्रायः सबै गाउँ पुगेको छ । कोरोना महामारीकाबीच भइरहेका धार्मिक कार्यमा बाजा बजाउन पुग्ने दमेक नौमति बजा समूहले नौमती बाजाको संरक्षण मात्रै गरेको छैन्, युवाहरूको लागि राम्रो अम्दानीको स्रोत समेत बनेको छ ।

गाउँमा पञ्चेबाजाको धुन गुन्जिन छाडेको वर्षौंपछि पहिला सीप सिकेका केही युवा जुरमुराए अनि त्यो समूह बनाएर पञ्चेबाजा बजाउन थालें । अहिले नौमतीको धुनसँगै दक्षिण बागलुङका विभिन्न स्थानमा पुग्न उनीहरूलाई भ्याइनभ्याइ छ । विवाह, व्रतबन्ध मात्र नभएर विभिन्न सामाजिक र सांस्कृतिक कार्यक्रम अनि पर्वमा पनि नौमतीको माग हुन थालेपछि समूहसँगै व्यक्तिगत रूपमा पनि उनीहरूको आय बढेको छ ।

लोकसंस्कृतिको रक्षा गर्ने उद्देश्यले नै दमेक नौमती बाजा संरक्षण समूहको नाममा उनीहरूले संस्था नै खोलेका छन् । दमेकका मगर समुदाय लोपोन्मुख नौमती बाजा संरक्षण गर्न १० वर्ष पहिलेदेखि सक्रिय छन् । पहिलेको पुस्ताले थालेको नौमती बाजाको संरक्षणलाई नयाँ पुस्ताले पनि निरन्तरता दिएको समूहका संयोजक सुवास कार्कीले बताउनुभयो । दश जनाको समूहमा अधिकांश मगर समुदायका युवा छन् भने केही क्षेत्री समुदायका युवासमेत जोडिएका छन् । "पहिले बुवा हजुर बुवाहरूले बाजा बजाउन थाल्नुभएको हो, यो हाम्रो पुख्खौली पेशा भने होइन", कार्कीले भन्नुभयो, "अहिले बाजा बजाउने सीप सिकेर युवा यो अभियानमा जुटेका छन् ।"

परियार समुदायको पुख्यौंली पेशा नौमतीबाजा बजाउने भएपनि पछिल्लो समय विस्थापित हन थालेपछि कला संस्कृतिको संरक्षण गर्न मगर समुदायका युवाले नौमती बाजा संरक्षणमा जुटेका हुन् । उनीहरूले परियार समुदायका सदस्यबाट धेरै पहिला बाजा बजाउन सिकेका थिए । "विवाह, व्रतबन्धजस्ता सांस्कृतिक तथा सामाजिक कार्यमा यो बाजाको माग उच्च छ", कार्कीले भन्नुभयो, "ठाउँ अनुसारको पारिश्रमिक लिन्छौं, विवाहको मौसममा आम्दानी राम्रो हुन्छ ।" यहाँका मगर समुदायले नौमती बाजा समूहलाई सहयोग गरेपनि अहिले भने १५ जना मात्रै समूहमा आवद्ध छन् । आफ्नै सवारीमा उनीहरू जिल्लाका विभिन्न ठाउँ र छिमेकी जिल्लामासमेत पुग्ने गरेका छन् ।

नौमती बाजामध्ये सनई, नर्सिङ्गा र ढलाकी बजाउन अन्यको तुलनामा कठिन हुने गरेको उनीहरूको अनुभव छ । समूहका लागि बाजा भने स्थानीयवासी कृष्ण छन्त्यालले व्यक्तिगत लगानीमा खरिद गरेका छन् । करिब रु एक लाख ५० हजारको लागतमा नौमती बाजा खरिद गरेर छन्यालले सो समूहलाई दिएका छन् । बाजा बजाउँदा आउने पारिश्रमिक समूहका सदस्यले बाँडेर लिने गरेका छन् । "हामी स्वस्फूर्त रूपमा लागेका हौं, कसैको साथ सहयोग पाइएको छैन", पुनले भन्नुभयो, "सीप भएपछि आम्दानीको स्रोत हुँदो रहेछ ।" पहिले पहिले मगर बाजा बजाएको सुन्दा अँध्यारो मुख बनाउनेले अहिले आफूहरूको खोजी गर्ने गरेको अनुभव उनीहरूसँग छ ।

# बन्दीपुरमा आगन्तुक पर्यटकलाई प्रवेश निषेध

पोखरापत्र संवाददाता
दमौली, १६ बैशाख

पर्यटकीय नगरी बन्दीपुरका मुख्य बजारमा आगन्तुक पर्यटकलाई प्रवेश निषेध गरिएको छ । कोभिड–१९ को जोखिम बढेपछि गाउँपालिकाले जिल्लाभन्दा बाहिरी ठाउँबाट आउने पर्यटकलाई प्रवेश निषेध गर्ने निर्णय गरेको हो ।

गाउँपालिकाका उपाध्यक्ष करुणा गुरुङको अध्यक्षतामा आज बसेको बैठकले घुम्न आउने पर्यटकलाई शुक्रबारदेखि मुख्य बजारमा प्रवेश निषेधको निर्णय गरेको हो । "कोरोनाको दोस्रो लहरको जोखिम बढेकाले न्यूनीकरणका लागि यो निर्णय गरिएको हो," उहाँले भन्नुभयो । गाउँपालिकाले शुक्रबार नै बसपार्क नजिक स्वास्थ्य सहायता कक्ष स्थापना गर्नेछ । बन्दीपुरमा देशका विभिन्न जिल्लाबाट पर्यटक भ्रमणका लागि आउने गरेका छन् । "बसपार्कमा परिचयपत्र हेरेर मात्रै प्रवेशको व्यवस्था मिलाइने छ, तनहुँभित्रकै व्यक्तिहरूलाई प्रवेश हुन्छ, बाहिरबाट आएकाहरूलाई त्यहींबाटै फर्काउँ छौं," उहाँले भन्नुभयो । यसकार्यका लागि सहयोग गर्न यातायात व्यवसायी, उद्योग वाणिज्य सङ्घ, पर्यटन विकास समिति, टोल विकास संस्था, वडास्तरीय विपद् व्यवस्थापन समितिलगायतलाई आग्रह गरिएको छ । विदेशबाट आउने बन्दीपुरवासीलाई भने क्वारेन्टिनमा राख्ने व्यवस्था मिलाइएको छ । त्यसको व्यवस्थापन सम्बन्धित वडा कार्यालयले गर्नेछ । गाउँपालिकाले कोभिड–१९ को जोखिम कम गर्न मास्क अनिवार्य लगाउन, सामाजिक दूरी कायम गर्न आग्रह गरेको छ ।

कोभिड–१९ को दोस्रो लहरको प्रकोप बढ्दै गएपछि तनहुँको सदरमुकाम दमौलीमा सञ्चालित बैंक तथा वित्तीय संस्था दिनको चार घण्टामात्रै खुल्ने भएका छन् । कोरोनाको जोखिम न्यूनीकरण गर्न व्यास नगरपालिकाले दमौलीमा रहेका बैंक तथा वित्तीय संस्था बिहान १० बजेदेखि २ बजेसम्म मात्रै सञ्चालन गर्न पाउने निर्णय गरेको हो । नगरप्रमुख बैकुण्ठ न्यौपानेको अध्यक्षतामा बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिसँग बिहीबार सम्पन्न बैठकले उक्त निर्णय गरेको हो । व्यास नगरपालिका पनि कोभिडको उच्च जोखिममा रहेकाले स्वास्थ्य सुरक्षासम्बन्धी सम्पूर्ण मापदण्ड कडाइका साथ पालना गर्दै बिहान १० बजेदेखि दिउँसो २ बजेसम्म मात्रै बैंक तथा वित्तीय संस्था खुल्ला रहने निर्णय भएको प्रमुख प्रशासकीय अधिकृत डिल्लीराम सिग्देलले जानकारी दिनुभयो । कोभिड सङ्क्रमणको संवेदनशीलतालाई मध्यनजर गरी बैंक तथा वित्तीय संस्थामा अनावश्यक भीडभाड नगर्न साथै डिजिटल बैंकिङ प्रणालीको अधिकतम उपयोग गर्न सर्वसाधारणलाई नगरपालिकाले आग्रह गरेको छ ।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

भावपूर्ण श्रद्धाञ्जली



जन्मः
वि. सं. १९९५/०४/२४ गते

स्वर्गारोहणः
वि. सं. २०७८/०१/०७ गते

स्वः धर्मकुमारी चालिसे

हाम्रा आत्मीय मित्रहरु बासुदेव चालिसे, हेमराज चालिसे, सितादेवी वाग्ले, दाजुहरु लेखनाथ चालिसे, शिवप्रसाद चालिसे, कृष्णप्रसाद चालिसे, बसन्तराज चालिसे तथा दिदी मुरली आचार्य बहिनी विन्दु पोखरेलकी ममतामयी आमा पोखरा–८, प्रेम मार्ग निवासी **धर्मकुमारी चालिसे** को ८३ वर्षको उमेरमा भएको असामयीक निधनले हामी अत्यन्त मर्माहत र स्तब्ध भएका छौं । आज उहाँको ११ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना सहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनमा धैर्य धारणा गर्ने शक्ति भगवानले प्रदान गरून् भनी हार्दिक समवेदना व्यक्त गर्दछौं ।

रन्जन ढकाल
रिता पराजुली
उत्तम बराल
सुमेरु बराल
सुरजजङ्ग राणा
शोभाकान्त सिग्देल
कृष्ण थापा
रामकृष्ण पाहारी
नारायण भण्डारी
बासुदेव पौडेल
केशव बराल
सृजना बराल
अजय वाग्ले
राज कुमारी थापा
ललित मगर
शिवा गुरुङ
सिर्जना बराल
हरिप्रसाद बास्तोला

स्नातक समूह २०५५ पृथ्वीनारायण क्याम्पस, पोखरा